तलब सुविधा बढाउँन......। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१३, ● अंक-५० ● २०७८ असार १४ गते सोमबार, ● 28 Jun. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहामा रूपचन्द्र विष्ट स्मृति कार्यक्रम : कसले के भने ?



विकास सम्वाददाता
थाहा नगर

थाहा आन्दोलनका प्रणेता स्व. रूपचन्द्र विष्टको २२ औं स्मृति दिवस ७ असारमा थाहा नगरपालिकाको शिखर-कोट स्थित विकास घरमा एक कार्यक्रम को आयोजना गरी मनाइएको छ ।

थाहा नगरपालिकाको आयोजनामा कार्यक्रम भएको हो । थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टको अध्यक्ष-तामा भएको कार्यक्रममा स्व. विष्टको विकास घरको प्राङ्-णमा रहेको पूर्ण कदको शालिकमा माल्यार्पण गरिएको थियो ।

कार्यक्रममा बोल्दै थाहा नगरपालिकाका प्रमुख विष्टले स्व.रूपचन्द्र विष्टको स्मरण गर्दै स्व. विष्ट समाजको लागि भगवानसरह रहेको बताए । रूपचन्द्र विष्ट व्यक्ति भन्दा बढी विचार भएको तर्क गर्दै उनले थाहा जगाउँने क्रममा विष्टले आफ्नो परिवारको समेत परवाह नगरेको बताए ।

त्यसैगरी थाहा नगरपालिकाका उपप्रमुख खड्गबहादुर गोपालीले रूपचन्द्र विष्टले गरेको निष्पक्ष सक्रियतको अभ्यासमा अहिलेको पुस्ता लाग्न नसकेको गुनासो गरे । उपप्रमुख गोपालीले रूपचन्द्रले देखाएको बाटोमा हिँड्न सके सबैको कल्याण हुनेमा जोड दिए ।

कार्यक्रममा जनकल्याण उच्च माविका प्राचार्य सानोभाइ कार्कीले रूपचन्द विष्टले शिक्षा विकासको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको उल्लेख गरे । थाहा ३ का वडा अध्यक्ष राजेश केसी आफैमा बिहङ्गम उदाहरण भएको बताए । उनले आफै काम गरेर अरूलाई प्रेरणा दिने व्यक्तित्वको रूपमा विष्टको चित्रण गरे । त्यसैगरी, ज्योति रायमाझीले स्व. विष्टको जीवनीबाट सिकेर समाज विकासको लागि सबैले योगदान गर्नुपर्नेमा जोड दिए ।

## थाहानगरको बजेट ९५ करोड ६४ लाख ३२ हजार

◆ विकास संवाददाता

थाहा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि ९५ करोड ६४ लाख ३२ हजारको बजेट पेश गरेको छ । नगरपालिकाले नवौं सभामा १० असारमा उक्त बजेट पेश गरेको हो ।

पालिकाले आर्थिक वर्ष २०७८/०७९ को लागि अन्तरिक स्रोत ११ करोड ८८ लाख ४९ हजार, राजश्व बाँडफाँड १६ करोड ५३ लाख ४९ हजार , संघीय सरकारबाट अनुदान ५७ करोड ५५ लाख, प्रदेश सरकारबाट अनुदान ९ करोड ६७ लाख ३४ हजार गरि जम्मा ९५ करोड ६४ लाख ३२ हजारको बजेट बाँडफाँड सहितको बजेट पेश गरेको हो। पेश भएको बजेट मध्ये चालु खर्चतर्फ रू ८ करोड ५७ लाख ४५ हजार र पुँजीगत तर्फ ४२ करोड ७५ लाख ८१ हजार, सशर्ततर्फ ३२ करोड ३१ लाख ६



हजार, सामाजिक सुरक्षा तर्फ १२ करोड गरी जम्मा ९५ करोड ६४ लाख ३२ हजार खर्च अनुमान पेश भएको छ ।

व्यक्तिगत घटना दर्ता

## इन्द्रसरोवर: सबै वडामा अनलाईन प्रणाली



◆ मञ्जरी बलामी

उत्तरी मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सबै वडाबाट अनलाईन प्रणालीमा व्यक्तिगत घटना दर्ता सुरू गरिएको छ । व्यक्तिगत घटना दर्तालाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सक्रियतामा सबै स्थानीय तहमा एम.आई.एस. अनलाईन प्रणालीमा आधारित बनाउने लक्ष्य अनुरूप यस गाउँपालिकामा पनि सो अभ्यासको थालनी गरिएको हो ।

जिल्लाको १० स्थानीय तहहरू मध्ये भौगोलिक रूपमा विकटता तथा ग्रामिण भेग भएकाले अनलाइन प्रणालीलाई अवलम्बन गर्न केही समस्या तथा चुनौती भए पनि स्थानीय पञ्जीकाधिकारी तथा जनप्रतिनिधीहरूको सकारात्मक सोच र सहयोगबाट इन्द्रसरोवरले अनलाईन प्रणाली अवलम्बन गरेको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाले जनाएको छ ।

गाउँपालिकाको वडा नं. ५ बाट यहि जेठ २५ गतेबाट सुरू भएको अनलाईन दर्ता यहि असाढ ८ गते सम्ममा ५ वटै वडाबाट सुरू भैसकेको छ । जन्म, मृत्यु, बिवाह, बसाइसराइ र सम्बन्ध बिच्छेद जस्ता व्यक्तिगत घटनाहरूलाइ वडा कार्यालयमा गई अनलाइन प्रणालीमा दर्ता गरी प्रणालीबाटै प्राप्त प्रमाणपत्र प्रदान गर्ने कार्यलाई अनलाईन प्रणालीमा व्यक्तिगत घटना दर्ता भनिन्छ ।

गाउँपालिकाको ५ वटै वडाबाट अनलाईन प्रणालीमा घटना दर्ता सुरू गरेसँगै गाउँपालिकामा हस्तलिखित प्रमाणपत्र दिन बन्द भएको छ भने अनलाईन प्रणालीबाट प्राप्त प्रमाणपत्र प्रदान गर्न सुरू भएको छ ।

गाउँपालिकाको सबै वडाले अनलाईन घटना दर्तालाई अवलम्बन गरेसँगै सबैवडाका नागरिकहरूलाई पब्लिक पोर्टल प्रयोग गर्न प्रोत्साहन गर्ने भएको छ । घरबाटै व्यक्तिगत घटना दर्ताको लागि अनलाईन मार्फत सूचना फारम भर्नका लागि नागरिकहरूले पब्लिक पोर्टलको प्रयोग गर्न सक्नेछन् । नागरिकलाई समयको बचत, वडामा भिँडभाड कमहुने, छिटो र छरितो सेवा प्रदान गर्न सकिने भएकोले पब्लिक पोर्टलको प्रयोग गर्न प्रोत्साहन गर्ने कार्यको तिब्र तयारीमा लागेको पनि गाउँपालिकाले जनाएको छ ।

**व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !**

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

**नेपाल सरकारको सूचना !**

**देशमा शान्ति सुव्यवस्था र विकास सबै नेपालीको चाहना हो । यसमा प्रतिवद्ध हुनु नेपालीहरुको कर्तव्य हो ।**

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## किसानलाई सँधै रासायनिक मलकै पिरलो

नेपालमा जब धान खेती गर्ने समय हुन्छ, किसानले मल पाउँदैनन्। डीएपी र पोटास चाहिने समयमा युरिया मल पाइन्छ, युरिया चाहिने समयमा डीएपी र पोटास। बजारमा जुन वस्तुको आवश्यकता बढी हुन्छ, त्यसलाई सहजै पाउन मुस्किल त पर्छ नै। तर अन्य वस्तुभन्दा नेपालमा मलको कथा फरक छ। किसानले चाहेको समयमा रासायनिक मल कहिले पर्याप्त पाएका छैनन्। 'मलको हाहाकार 'वर्षेनी बन्ने समाचारको विषयजस्तै बनेको छ। यो वर्ष पनि धान खेतीका लागि आवश्यक पर्ने रासायनिक मलको देशभर अभाव हुँदा किसान पिरोलिएका छन्। धान खेतीको सुरुआतमा र गोड्ने समयमा मल आवश्यक पर्छ। यो वर्ष दुवै समय मलको अभाव हुने देखिन्छ। कोरोना संक्रमण महामारीका बीच मल किन्न पाइने आशामा किसानहरू घन्टौं लाइनमा बसेको भेटिन्छ। धान रोप्ने समय भएकाले अहिले अरू रासायनिक मल डीएपी र पोटासभन्दा युरिया मलको माग उच्च छ।

बन्दाबन्दी अघिसम्म मौज्दात रहेको युरिया मल चैते धान र मकै बालीमा प्रयोग भइसकेको छ। थप मल आयात नहुँदा किसानले दुःख पाएका छन्। यस वर्ष पनि पहाड र तराईमा खेतीको सिजन चलिरहँदा मलबिना रोपाइँ गर्नुपर्ने बाध्यतामा किसान छन्। मलबिना खेती गर्दा उत्पादन घट्छ नै। लगानी पनि खेर जाने पीर किसानमा छ। यो वर्ष मल आपूर्तिका लागि आह्वान गरिएको ग्लोबल टेन्डरमा कुनै आपूर्तिकर्ता सहभागी भएनन्। जसका कारण समयमा मल आयात भएको छैन। विश्व बजारमा रासायनिक मलको मूल्य बढ्दै गएको र आपूर्तिकर्ताको हकमा लागू भएको 'कारोबारमा लाग्ने आयकर'का कारण पनि विदेशी आपूर्तिकर्ता बिच्किएर बोलपत्रमा सहभागिता नजनाउँदा मल आपूर्ति प्रणाली प्रभावित भएको छ। अहिले मल चाहिने समय सुरु हुँदा बल्ल सरकारद्वारा सरकारलाई (जीटुजी) अन्तर्गत मल उपलब्ध गराउने विषयमा भारत सरकारसँग पहल भइरहेको छ। मल आपूर्तिका लागि ग्लोबल टेन्डर र जीटुजीको प्रक्रियामध्ये कुनै सुनिश्चित नभएको हुँदा मलको अभावको श्रृंखला यो वर्ष पनि चरम रूपमा देखिने निश्चित छ। अन्य कुनै पनि प्रक्रियामार्फत मलको जोहो गर्न नसकिए किसानले मल पाउने छैनन्। ग्लोबल टेन्डरबाट मल ल्याउन कम्तिमा सात महिना लाग्न सक्छ। आगामी साउनदेखि गहुँबालीको सिजनसम्मलाई कम्तिमा एक लाख ३० हजार टन युरिया र ७० हजार डीएपी मलको माग छ। यो समयका लागि पनि अहिले नै मलको जोहो गर्नुपर्ने भएकाले ठूलो मात्रामा मल आयात गर्नुको विकल्प छैन। हाल मौज्दात रहेको र बाटोमा आउँदै गरेको युरिया मलले जेनतेन साउन पहिलो सातासम्मको धानबालीलाई पुग्ने भए पनि अहिले चाहिने समयमा मलको वितरण भएको छैन।नेपाल कृषिप्रधान मुलुक हो।

किसान व्यावसायिक बन्न खोज्दैछन्। कहिले बीउ त कहिले मलको अभाव भोल्ने किसान महामारीले पनि थलिएका छन्। उत्पादन समयमा बिक्री गर्न नपाउँदा चिन्तित बनेका किसानलाई मलको अभावले पीडा थपेको छ। पछिल्लो समय मल हाल्नु किसानका लागि रहरभन्दा बाध्यता भएको छ। अब प्रांगारिक मल प्रयोग गर्न सुरु गर्दा पनि यसको सकारात्मक असर देखिन समय लाग्ने कृषिविज्ञ बताउँछन्। जसका कारण किसान रासायनिक मलकै प्रयोग गर्न बाध्य छन्। ग्लोबल टेन्डरबाट मल ल्याउन समय लाग्ने भए यसको विकल्प पनि सरकारले खोज्नुपर्छ। जीटुजी र अन्य विकल्प पनि पहिचान गरेर चाँडो मल आयात गर्न सरकार गम्भीर बनोस्। सधैं मलको हाहाकार हुने नेपालमा रासायनिक मलको विकल्प वा नेपालमै उद्योग सञ्चालन गर्ने विषयको पनि अध्यायन गर्नुपर्छ। नत्र यस्तो समस्या पुस्तौंपुस्ताले पुनः नभोग्लान् भन्न सकिँदैन।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभञ्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# ज्येष्ठ नागरिकका 'अपेक्षा

**बबिता बस्नेत**



दुनियाँभर फैलिएको कोरोना कहरले विश्वलाई नै संकटमा पारेको छ । यसको दुष्प्रभाव नेपालमा पनि परेको छ । यसबाट विशेषगरी ज्येष्ठ नागरिकहरू बढी नै प्रभावित भइरहेका छन् । तर, उनै ज्येष्ठ नागरिकले लगाएको खोपको दोस्रो मात्रा नपाएर उनीहरू थप चिन्तित भएका छन् । यसको शीघ्र सम्बोधनका लागि जिम्मेवार पदाधिकारीहरू अग्रसर हुनुपर्ने ज्येष्ठ नागरिकहरूको अपेक्षा छ । आव २०७८/७९ को लागि गत जेठ १५ गते बजेट जारी हुँदा ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता वृद्धि गरिएको छ । यद्यपि, सरकारले मासिक भत्ता पाँच हजार पुऱ्याउने प्रतिबद्धता जनाइएकोमा यो र कम चार हजारमात्र छ । उपयुक्त अवसरमा मासिक भत्ता बढाइने पनि ज्येष्ठ नागरिकको अपेक्षा छ ।

आगामी वर्षको बजेट वक्तव्यमा एक सय शय्याभन्दा ठूला स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकका लागि अलग वार्ड स्थापना गरी उपचार गरिने प्रतिबद्धता व्यक्त भएको छ । यसैगरी, ज्येष्ठ नागरिकका लागि मिलन केन्द्र, दिवा सेवा केन्द्र र आरोग्य आश्रम संचालन गरिने पनि बताइएको छ । यस अतिरिक्त, काठमाडौंको गोठाटारमा अस्पतालको सुविधासहित ५ सय क्षमताको ज्येष्ठ नागरिक आवास निर्माण गरिने बजेट वक्तव्यमा परेको छ । यस्तै, बजेट वक्तव्यमा ज्येष्ठ नागरिकका लागि निःशुल्क औषधोपचार र संरक्षणको प्रतिबद्धताका साथै अल्जाईमर्सलगायत बुढ्यौली रोगबाट प्रभावित ज्येष्ठ नागरिकको पनि निःशुल्क औषधोपचारको व्यवस्था हुने बुँदा समावेश भएको छ । यी बजेट वक्तव्यका यी बुँदाहरू कर्णप्रियमात्र हैन उपयोगी पनि छन् । यिनको पूर्ण कार्यान्वयन हुनुपर्छ भन्ने समग्र ज्येष्ठ नागरिकको अपेक्षा छ ।

अहिले ज्येष्ठ नागरिकमाथि घर परिवारबाट हुने दुर्व्यवहारको कारक तत्त्व सम्पत्ति हुन गएको छ । यसर्थ, ज्येष्ठ नागरिकले आर्जेको सम्पत्तिमा इच्छापत्रको व्यवस्था हुनुपर्छ । यस्तो इच्छापत्र ज्येष्ठ नागरिकले चाहेका बखत सहजै रद्द हुने कानूनी व्यवस्था गर्नुपर्ने उनीहरूको अपेक्षा छ । यस्तो इच्छापत्र आफ्ना सन्तानलाई दिने वा अधिकारिक ट्रस्टको नाममा जारी गर्ने भन्ने स्वतन्त्रता ज्येष्ठ नागरिकलाई नै दिनुपर्छ । यस्को आधारभूत सिद्धान्त भनेको हालका ज्येष्ठ नागरिकले हासिल गरेको पैत्रिक सम्पत्ति वा आफूले आर्जन गरेको सम्पत्तिमा निजहरू जीवित छउन्जेल अंश नलाग्ने प्रष्ट कानुनी प्रबन्ध गर्नुपर्छ भन्ने नै हो । हाल आर्जन गर्न नसक्ने विपन्न ज्येष्ठ नागरिकहरू घर न घाटको भएका छन् । उनीहरूले आफुले आर्जन गर्न सकेका बखत सबै सम्पत्ति सन्ततिमाथि लगानी गरे । तर, जुन बखत सन्तति आर्जन गर्न सक्ने भए उनीहरूले आफ्ना आमा बुवालाई हेलाँ गर्न थाले । यसर्थ, यस्ता ज्येष्ठ नागरिकहरूले आर्जन गर्ने सक्ने छोराछोरीको आर्थिकहैसियतअनुसार मानाचामल भराउने कानुन ल्याउन जरूरी ठानेका छन् । हाल संसद्मा विचाराधीन ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को संशोधनमा ज्येष्ठ नागरिकले आफ्ना सन्तानको मासिक आर्जनको १० प्रतिशतसम्म दाबी गर्न पाउने कानुनी व्यवस्था प्रस्तावित गरिएको छ । वर्तमान कानुनमा, ज्येष्ठ नागरिकलाई आर्थिक हैसियत तथा इज्जतआमदअनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारका सदस्यको कर्तव्य हुनेछ भनिएको छ । यस्को प्रभावकारी प्रचलन भएमा ज्येष्ठ नागरिकका समस्याको सम्बोधन हुने थियो । नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकको मौलिक हकको व्यवस्था छ । जसअनुसार, ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ । सामाजिक सुरक्षाको हकअनुसार हाल ७० वर्ष पूरा गरेका नागरिकले आगामी आवदेखि मासिक रू ४ हजार भत्ता पाउने भएका छन् । तर, संविवधानमा लेखिएको विशेष संरक्षणको हक हालसम्म प्रचलनमा आएको छैन ।

यसर्थ, कम्तीमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा प्रबन्ध गरिएको 'असहाय ज्येष्ठ नागरिक' र 'अशक्त ज्येष्ठ नागरिक' लाई राज्यले पूर्णतः संरक्षण दिनुपर्ने गरी यस हकको प्रचलन होस् भन्ने ज्येष्ठ नागरिकहरूको आग्रह छ । विश्वव्यापी प्रचलनलाई हेर्दा, कुल ग्राहस्थ्य उत्पादनको इटालीमा १६ प्रतिशत, फ्रान्समा १४ प्रतिशत तथा भारतमा ४ प्रतिशत बजेट सामाजिक सुरक्षामा छुट्याइन्छ । नेपालमा कुल ग्राहस्थ्य उत्पादनको करिब २ प्रतिशत बजेटमात्रै विनियोजन भएको अबस्था छ । यसर्थ, यस्तो भत्ता जीवनयापन गर्नु पुग्ने बराबरको हुनुपर्ने ज्येष्ठ नागरिकहरूको आग्रह छ । ज्येष्ठ नागरिसम्बन्धी ऐनमा ज्येष्ठ नागरिकप्रति सम्मान गर्नुपर्ने पनि लेखिएको छ । यस्को व्यापक उपयोग हुने वातावरण निर्माण गर्नुपर्छ । यस्का लागि पर्चा, पम्पप्लेट, होर्डिङबोर्ड, वाल पेन्टिङको प्रबन्ध गर्नुपर्छ । विद्यालयको प्राथमिकस्तरदेखि कलेजको उच्च शिक्षा अध्ययनसम्मको पाठ्य सामग्रीमा ज्येष्ठ नागरिकलाई सम्मान, हेरचाह र दायित्वबोध हुने प्रकृतिको विषयवस्तु समावेश गर्नुपर्छ ।

तीनै तहका सरकार र सबै संघसंस्थाले सबै प्रकारका कार्यक्रमहरूको उद्घाटन, समापन, पुरस्कार वितरण, पुस्तक विमोचनलगायतका कार्यक्रम ज्येष्ठबाट गराउनुपर्छ । नेताको नाममा मात्रै होइन समाजमा योगदान पुऱ्याएका ज्येष्ठ नागरिकको नाममा पनि सडक, पार्कलगायतको नामाकरण गर्नुपर्छ । के यस्तो आग्रह ज्येष्ठ नागरिकबाट गरिनु स्वाभाविकै होइन र ?
सामान्यतः ज्येष्ठ नागरिक आफ्नै खुट्टामा उभिन चाहन्छन् । यस्का लागि तीनै तहका सरकारले परामर्शदाता, सल्लाहकार, स्वयंसेवक, संचालक सदस्यलगायतका पदमा नियुक्ति गर्दा सर्वप्रथम योग्य ज्येष्ठ नागरिकलाई अग्राधिकार दिने नीति लिनुपर्छ । स्थानीय तहको प्रत्येक वडामा ज्येष्ठ नागरिक स्रोत केन्द्रको स्थापना गर्नुपर्छ । यस केन्द्रले ज्येष्ठ नागरिकको विवरण तयार गरी उनीहरूको क्षमतालाई राष्ट्र निर्माणमा उपयोग गर्न सक्नुपर्छ । कुनै ज्येष्ठ नागरिकले व्यवसाय वा स्वरोजगार गर्ने

**यसर्थ, उनीहरूका लागि आधुनिक दिवा सेवा केन्द्रको स्थापना गर्नुपर्छ ।**

भए रू २५ लाखसम्मको सरल ब्याज दरको ऋण दिने गरी 'ज्येष्ठ नागरिक च्यालेन्ज फन्ड' खडा गर्नुपर्छ । ज्येष्ठ नागरिकले व्यवसाय गर्न सक्ने गरी बैंकले ऋण दिने र व्यवसाय बीमा हुने प्रबन्ध होस् भन्ने ज्येष्ठ नागरिकहरूको आग्रह छ । उमेर ढल्किँदै गएपछि अनेक रोगले घेर्छ । यसर्थ, निःशुल्क स्वास्थ्य उपचारको सुविधा पाउनुपर्ने ज्येष्ठ नागरिकको आग्रह छ । हाल, सरकारले अल्जाइमरमा रू १ लाख उपलब्ध गराउने गरी ९ वटा अस्पताललाई यो अधिकार तोकिएको छ । यस्तो अधिकार सबै १०० बेडमाथिका अस्पतालमा विस्तार गर्नुपर्ने उनीहरूको माग छ । यसैगरी, हाल अल्जाइमर, मुटुरोग, मिर्गौलालगायत ९ वटा रोगको उपचारका लागि सरकारले रू १ लाखसम्मको आर्थिक सहायता दिने नीति लिएको छ । यो रकम क्रमशः रू ५ लाख र रू १० लाखमा वृद्धि गर्नुपर्ने र हालको रू १ लाखको बीमा रकमलाई पनि क्रमशः रू ५ लाख र रू १० लाख गर्नुपर्ने ज्येष्ठ नागरिकहरूको आग्रह छ ।

सबै ज्येष्ठ नागरिक क्षमताहीन छैनन् । उनीहरू आफ्नो ज्ञान, अनुभव र सीप बताउन चाहन्छन् । यसर्थ, उनीहरूका लागि आधुनिक दिवा सेवा केन्द्रको स्थापना गर्नुपर्छ । सबै ज्येष्ठ नागरिक भेला हुने, आपसमा भेटघाट गर्ने, अनुभवको आदानप्रदान गर्ने र मनोरञ्जनलगायतका शारीरिक तन्दुरूस्तीका सुविधा यस्ता केन्द्रमा होउन् । यसरी ज्येष्ठ नागरिकका लागि निर्माण गरिने दिवा सेवाका संरचना र पूर्वाधारमा युवा, केटाकेटीलगायत भ्रमणमा आउने आकर्षक थलो भएपछि स्वतः ज्येष्ठ नागरिकप्रति सम्मान गर्ने परम्परा बढ्नेछ । उनीहरूले आफ्नो ज्ञान अन्तर पुस्ता हस्तान्तरण गर्न सक्छन् । यहि पवित्र अपेक्षा ज्येष्ठ नागरिकमा रहेको छ । वर्तमान कानुनमा ज्येष्ठ नागरिक कल्याण कोष खडा गर्नुपर्ने प्रावधान छ । तर, यस्तो कोष खडा नभएकाले कोष स्थापना गर्नुपर्ने ज्येष्ठ नागरिकहरूको आग्रह छ । हालको सामाजिक सुरक्षा भत्तालाई 'अनफन्डेड' भत्ताबाट 'फन्डेड' भत्तामा रूपान्तरित गर्नुपर्छ ।

यसका लागि छुट्टै सामाजिक सुरक्षा कर लगाउन सकिन्छ । बैंकहरूमा बेबारिसेरूपमा रहेका रकम यस कोषमा सार्न सकिन्छ । केही सम्पत्ति भएका ज्येष्ठ नागरिकबाट इच्छापत्रको माध्यमबाट उनीहरूको सम्पत्ति कोषमा सार्न सकिन्छ । यसरी, वर्तमान पुस्ताका ज्येष्ठ नागरिक आगामी पुस्ताका ज्येष्ठ नागरिकको हितमा योगदान गर्न सकिने अवसरको अपेक्षा गर्छन् । यी ज्येष्ठ नागरिकका पवित्र अपेक्षाको राज्यबाट सुनुवाइ होस् ।

# वर्षाको समयमा कसरी सुरक्षित रहने ?



राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रले मनसुन र वर्षाको समयमा सतकर्ता र आवश्यक सुरक्षा अपनाउन सचेत गराउदै आएको छ ।

अलिहे वर्षाको समय हो । केही स्थानमा लगातार केही दिनदेखि परिरहेको झरीका कारण ठाउँठाउँमा बाढीपहिरो आउनुका साथै ठूलो धनजनको क्षति भएको छ । प्रशासनले पनि 'हाई अलर्ट' मा रहन सबै सुरक्षा निकायलाई निर्देशन दिएको छ ।

देशैभरि मनसुन सक्रिय रहेकाले बाढी, डुबान र पहिराका जोखिमयुक्त बस्तीहरू पहिचान गरी सुरक्षित स्थानमा जान सुझाएको छ । त्यस्तै यो समयमा अत्यावश्यक सामग्री (खानेकुरा, कपडा, औषधि, पानी) आदिको जोहो गरेर सुरक्षित स्थानमा राख्नुपर्छ । केन्द्रले बालबालिका, महिला ज्येष्ठ नागरिक, वृद्ध तथा अपाङ्गता भएका र उच्च जोखिममा रहेका व्यक्तिहरूको सुरक्षामा विशेष प्राथमिकता दिन भनेको छ । मौसम पूर्वानुमान, सम्भाव्य जोखिम तथा सुरक्षाका उपायहरूको बारेमा सरोकारवालाहरू सबैले जोखिममा रहेका परिवारहरू तथा बस्तीहरूलाई समयमा नै सूचित गराउनुपर्छ ।

त्यस्तै बाढी आएको बेलामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने र गाईबस्तु चराउनेजस्ता काम नगर्न सतर्क गराएको छ ।

**यसरी चलाउनुस सवारी सधान**

वर्षातको समयमा बढी पानी पर्ने गर्दछ । सडकमा पानी जम्ने, हुस्सु लागेर बाटो नदेखिने सम्म हुनसक्छ । यस्तो अबस्थामा केही विधि अपनाए यात्रा सुरक्षित बनाउन सकिन्छ । सवारी साधन चलाउनु अघि वाइपर र हेडलाइट जाँच गर्नु पर्दछ । यसबाट भिजिविलिटि कम भएको खण्डमा हेडलाइटको प्रयोग गर्न सकिन्छ । सवारीको गती कम गरेर पनि सुरक्षित यात्रा गर्न सकिन्छ ।

पानीले भिजेको सडकमा ब्रेक कम लाग्न सक्छ र सवारी साधन अनियन्त्रित हुन सक्ने सम्भावना रहन्छ । ब्रेकिङ डिस्ट्यान्स बढाउनू अर्को विधि हो ।सामुन्नेको सवारी साधन र आ ँनो सवारी साधनबीचको दुरी सामान्य अबस्थाभन्दा बढी राख्नु पर्दछ । सडकबाट ध्यान मोडिने कार्य गर्नु हुँदैन । सवारी चलाउँदा मोबाइल फोट वा ट्यावलेटको प्रयोग गर्नु हुँदैन ।

# बाइटडान्सको नाफा दोब्बरले बढ्यो

लोकप्रिय भिडियो एप टिकटकको मातृ कम्पनी बाइट डान्सले गत वर्ष सन् २०२० मा आफ्नो आम्दानी दोब्बर बनाउन सफल भएको छ । चिनियाँ कम्पनी बाइटडान्सले आफ्ना कर्मचारीहरूका लागि जारी गरेको एक आन्तरिक सञ्चारपत्र अनुसार सन् २०२० मा कम्पनीले कूल ३४ अर्ब ३० करोड डलर आम्दानी गरेको छ । यो आम्दानी सन् २०१९ को भन्दा १ सय ११ प्रतिशतले बढी हो ।

बाइटडान्सको आम्दानीमा भएको यो अतिउच्च वृद्धिदरले टिकटकको बढ्दो विश्वव्यापी लोकप्रियतालाई इंगित गर्ने बीबीसीले उल्लेख गरेको छ । चीनमा सरकारद्वारा ठूला प्रविधि कम्पनीहरूमाथिको नियन्त्रण तथा दबाबमा वृद्धि भैरहेको बेला बाइटडान्सको आम्दानीमा उल्लेख्य वृद्धि गर्न सफल भएको हो ।

कूल मुनाफा शतप्रतिशतले वृद्धि गर्न सफल भएको बाइटडान्सले गत वर्ष कूल मुनाफामा पनि उल्लेख्य बढोत्तरी गरेको छ । सन् २०१९ को तुलनामा सन् २०२० मा बाइटडान्सको कूल मुनाफा ९३ प्रतिशतले बढेर १९ अर्ब डलर पुगेको छ । कम्पनीले जारी गरेको आन्तरिक पत्र अनुसार गत डिसेम्बर सम्ममा बाइटडान्सका सबै प्लाटफर्ममा गरी मासिक सक्रिय प्रयोगकर्ताको संख्या १ अर्ब ९० करोड छ ।

पछिल्लो समयमा टिकटकको अत्यधिक लोकप्रियतासँगै अमेरिका तथा स्वयम चीनलगायतका देशहरूमा बाइटडान्स कम्पनीमाथि नियन्त्रण तथा निगरानी बढिरहेको छ ।

भारतले त टिकटकलगायतका चिनिया एपहरूमाथि प्रतिबन्ध नै लगाइसकेको छ । उता अमेरिकामा टिकटकलगायतका चिनिया एपहरूमाथि प्रतिबन्ध लगाउने पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशलाई वर्तमान राष्ट्रपति जो बाइडेनले खारेज गरेका छन् ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# सकमितसँगैका एकाघरका मानिसहरु कसरी जोगिने




उपत्यकासहित घना बस्ती भएका र एउटै घरमा धेरै जना बस्ने सहरी क्षेत्रमा यस्ता संकमितको सत्त्या बढी रहेको बताइन्छ। यस्तो अवस्थामा सकमितहरु भएको घर तथा डेरामा बस्ने सकमण नभएका व्यक्तिहरुले कोरोनाभाइरसबाट जोगिने उपायहरु अपनाउनु पर्ने चिकित्सकहरु बताउँछन्। सकमण नभएका परिवारका सदस्यसँग साँघुरो स्थान र एउटै शौचालय प्रयोग गर्दा सकमितलाई पनि असहज अनुभव हुने पहिला सकमण भएका मानिसहरु बताउँछन्। चिकित्सकहरु सकमितसँग घरमै बस्दा कस्ता सतर्कता तथा सुरक्षात्मक उपायहरु अपनाउन सल्लाह दिन्छन् त?

**सकमित हुँदाको अनुभव**

सकमितका अनुभवमा एकाघरमा बस्दाको अवस्था सहज हुँदैन। तर सुरक्षात्मक उपाय अपनाएर तथा परिवारका सदस्यभन्दा छुट्टै बसेर सकमणबाट अन्यलाई बचाउन सकिने अनुभव केही सकमितको छ । सकमणमुक्त भइसकेका भक्तपुरको मध्यपुर थिमि नगरपालिकाका सागरकुमार भट्टराईले घरमा छुट्टै शौचालयको व्यवस्थापन गर्न सकेकाले सहज भएको बताए । "हाम्रो घरमा अन्य परिवारका सदस्यलाई प्रयोग गर्न र मलाई फरक-फरक शौचालय भएकाले सजिलो भयो," साढे तीन वर्षको छोरासहित आठ जनाको परिवारमा बस्ने भट्टराईले भने । तर सकमण भएपछि परिवारका अन्य सदस्यले कुरा बुझे पनि बालबालिकालाई कुरा बुझाउन नसकिने भएकाले निकै असहज भएको अनुभव उनको छ।

"छोराले मलाई किन बाबाले माया गर्नु नभएको? किन बोक्नु नभएको? किन मेरो छेउमा आउनु नभएको? भन्ने प्रश्न गर्दा मनमा चिसो पस्थ्यो," उनले भने । छोरालाई सकमणबाट जोगाउनका लागि उसलाई मामाघर पठाएर आठ-दश दिन राखेको भट्टराईले बताए ।

**मानसिक तनाव**

सकमित भएपछि सुरुमा निकै चिन्ता लागेको बताउने भट्टराईले 'केही दिनसम्म लगातार ज्वरो आएपछि मरिन्छ कि' जस्तो लागेको सुनाए। त्यसपछि घर परिवारका अन्य सदस्यलाई सरेर गाह्रो बनाउला भन्ने पिर परेको भट्टराई बताउँछन्। तर आफ्नै कोठामा खाना खाएको र शौचालय छुट्टै प्रयोग गर्नुका साथै सरसफाइमा पनि ध्यान दिएकाले त्यस्तो अवस्था नआएको अनुभव गरेका छन् ।

यद्यपि कोठामा बस्दा एक्लो महसुस गरेको र दिमागमा नकारात्मक कुरा मात्र आएको उनले अनुभव गरे । अन्य रोगमा जस्तो कसैले नजिकै आएर हेरचाह गर्न नमिल्ने भएकाले मानसिक रुपमा चाहिँ आफू निकै कमजोर भएको जस्तो लागेको उनी बताउँछन्।

**सुरक्षित कसरी हुने**

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका प्रमुख कन्सल्टेन्ट डा. अनुप बास्तोलाका अनुसार घरमै उपचाररत सकमितहरुले सुरक्षित रुपमा अरु व्यक्तिभन्दा छुट्टै बस्नुपर्छ। पीसीआर पजिटिभ हुँदैमा आत्तिनु नहुने र जथाभाबी औषधि सेवन गर्नु नहुने उनको सुझाव छ। पाँच दिन पछिसम्म पनि ज्वरो आउने, खोकी आउने र अक्सिजन कम हुने समस्या देखिइरहेमा चिकित्सकको सल्लाह लिनुपर्ने उनी बताउँछन्।

उनका अनुसार घरका अन्य व्यक्तिहरुले सकमितसँग शौचालय साझा गर्नुपर्दा सुरक्षात्मक उपाय अपनाएर सकमणबाट बच्न सकिन्छ । "एउटै शौचालय प्रयोग गरे पनि त्यसलाई हरेक पटक सकमित जाँदा सफा गर्ने र खुला राख्नुपर्छ। हावा वारपार हुने अवस्था बनाउनु पर्छ ।" उनी अन्य स्थान पनि खुला राख्नुपर्ने, सकमित जाने स्थान र सकमितले प्रयोग गरेका चिजहरुलाई साबुन पानी वा भाइरस मार्ने खालका बजारमा पाइने किटहरु प्रयोग गरेर सफा गर्न सुझाव दिन्छन्।

अमेरिकाको सेन्टर फर डिजीज कन्ट्रोल एन्ड प्रीभेन्शन सीडीसीले सकमितसँगै बस्ने एकाघरका मानिसहरुमा सकमण हुन नदिन अपनाउन सकिने केही उपायहरु यस्ता छन् :

**१) सकमितको कोठा**

सकमितलाई छुट्टै कोठामा राख्न सकिने अवस्थामा त्यसको ढोका बन्द गरेर झ्यालहरु खोल्नुपर्छ । कोठामा हावा वारपार हुने अवस्था बनाउनु पर्छ। त्यसका लागि पत्त खोल्न पनि सकिन्छ। सकमितले प्रयोग गरेर भएका फोहोरलाई छुट्टै संकलन गर्नुपर्छ । सकमितसँग एउटै कोठामा सुत्नुपर्ने अवस्था भएमा कम्तीमा दुई मिटरको दूरी बनाएर दुई वटा ओछ्यानको बीचमा पर्दा लगाएर भए पनि छेक्नुपर्छ ।

यदि एउटै ओछ्यानमा सुत्नुपर्ने अवस्थामा दुईतिर फर्केर सुत्नु उपयुक्त हुन्छ। त्यसो गर्दा सकमितको श्वासप्रश्वास अन्य माध्यमबाट सर्ने सम्भावना कम हुन्छ।

**२) दूरी**

सकेसम्म सकमितको कोठामा छिर्नु हुँदैन। छिर्नै परेमा पनि दूरी कायम गर्ने र दुवै जनाले मास्क लगाउने गर्नुपर्छ। सकमितले छोएका वस्तु छुँदा हातमा एक पटक मात्र प्रयोग गरेर फाल्ने खालको पन्जा लगाएर मात्र छुनुपर्छ । खानेकुरा ढोकामा राखिदिनु र खाना राख्ने मान्छे गएपछि मात्र सकमितले लिनु उपयुक्त हुन्छ ।

**३) शौचालय**

सकेसम्म सकमितले छुट्टै शौचालय प्रयोग गर्दा उपयुक्त भए पनि त्यस्तो अवस्था नहुँदा अन्यले प्रयोग गरिसकेपछि मात्र सकमितले प्रयोग गर्दा राम्रो हुन्छ । त्यसपछि पन्जा लगाएर शौचालयलाई राम्ररी भाइरस मार्ने खालका केमिकलहरु प्रयोग गरेर सफा गर्नुपर्छ। सकमितले प्रयोग गरेर सफा गरेपछि शौचालय खुला राख्नुपर्छ र सकेसम्म हावा वारपार हुन दिनुपर्छ । सकमितले प्रयोग गरेको सकेसम्म लामो समयपछि शौचालय प्रयोग गर्ने गर्दा उपयुक्त हुन्छ। सकमितको आफ्नै रुमाल हुनुपर्छ र सकेसम्म उसैले सफा गर्नुपर्छ ।

सकमितले शौचालय गरेर सफा गर्न नसक्ने अवस्थामा अर्को व्यक्तिले मास्क र पन्जा प्रयोग गरेर सफा गर्नुपर्छ र लगत्तै साबुनपानीले हात धुनुपर्छ।

**४) सामानहरु**

सकमितले थाल, गिलास, कचौराजस्ता वस्तु छुट्टै प्रयोग गर्नुपर्छ । सकमितले प्रयोग गरेका भाँडाहरु तातो पानी र साबुन वा भाँडा माझ्ने डिटरजेन्टले माझ्नुपर्छ। त्यसपछि हात पनि साबुनपानीले धुनुपर्छ । फोहोर भएका कपडाहरु पन्जा लगाएर निकाल्नुपर्छ र झड्कार्नु हुँदैन । ती कपडाहरुलाई तातो पानीमा अन्य कपडासँगै धुन सकिन्छ तर ती लुगालाई उच्च तापमा सुकाउनु राम्रो हुन्छ। लुगा धोइसकेपछि साबुनपानीले हात धुनुपर्छ ।

**मानसिक स्वास्थ्यको ख्याल**

एकाघरमा बस्ने संक्रमित हुँदा सकमित र अन्य सदस्यमा समेत मानसिक समस्याहरु देखिने गरेको मनोचिकित्साविद्हरु बताउँछन् । त्यस्तो अवस्थामा सकमितले आफूलाई नकारात्मक सोच आउन नदिन विभिन्न क्रियाकलाप गर्नुपर्ने उनीहरुको भनाइ छ । मनोचिकित्साविद् डा. नर्मदा देवकोटा भन्छिन्, "सकमितले आफूलाई एक्लो महसुस हुन नदिनका लागि प्रविधिको उपयोग गर्दै आफन्तसँग भिडिओ कुराकानी गर्ने, योग ध्यान गर्ने, पढ्ने, लेख्ने र मन परेको कुराहरु सुन्ने गर्न सकिन्छ ।" त्यस्तै परिवारका अन्य सदस्यहरुले पनि 'घरमा एक व्यक्ति सकमित भए अब हामी पनि हुन्छौँ' भन्ने खालको सोच राखेर डराउनु नहुने उनको सुझाव छ । सकमित हुन नदिनका लागि सुरक्षात्मक उपाय अपनाउने र डर आउन नदिनका लागि सकमणलाई पनि सामान्य रुपमा लिनुपर्ने देवकोटाले बताइन् । त्यस्तै सकमित र सकमितको परिवारसँग कुराकानी गर्ने आफन्त र साथीभाइले पनि नकारात्मक खबरहरु सुनाउनु भन्दा ढाडस दिएमा मानसिक समस्याहरु कम हुने उनी बताउँछिन् ।

उपभोग्य सामाग्री खरिद
गर्दा उपभोग मिति अनिवार्य हेरौं ।

# जिल्लाको १० वटै स्थानीय तहको बजेट




◆ विकास संवाददाता

मकवानपुरको १० वटै स्थानीय तहले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट ल्याएका छन् । स्थानीय सरकारले असार १० गतेभित्र आगामी वर्षको नीति, कार्यक्रम र बजेट आ-आफ्नो सभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था अनुसार बिहिबार जिल्लाका १० वटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०७८/७९ को नीति, कार्यक्रम र बजेट ल्याएका हुन् ।

जिल्लामा सबैभन्दा बढी बजेट हेटौंडा उपमहानगरपालिकाले ल्याएको छ । हेटौंडाले आगामी आर्थिक वर्षको लागि २ अर्ब ६० करोड १५ लाख ५२ हजार रूपँयाको बजेट ल्याएको छ ।

बिहिबार उपमहानगरको नवौ नगरसभामा उपप्रमुख मिनाकुमारी लामाले आउँदो आर्थिक वर्ष २०७८/७९ को लागि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि २ अर्ब ६० करोड १५ लाख ५२ हजार रूपँयाको बजेट प्रस्तुत गरेकी हुन् ।

यसैगरि जिल्लाको उत्तरी क्षेत्र स्थित इन्द्रसरोबर गाउँपालिकाले सबैभन्दा कम बजेट प्रस्तुत गरेको छ । इन्द्रसरोबर गाउँपालिकाले आगामी आर्थिक वर्षको लागि ३८ करोड ४१ लाख ५९ हजार ७ सय २६ रूपँयाको बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको नवौ गाउँ सभामा उपाध्यक्ष उमा कुमारी लामाले आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा उक्त बजेट विनियोजन गरिएको जानकारी दिईन् । यसैगरि जिल्लाको थाहा नगरपालिकाले आर्थिक वर्ष २०७८/७९ को लागि ९५ करोड ६४ लाख ३२ हजार रूपैयाको बजेट ल्याएको छ । नगरपालिकाको नवौ नगरसभामा उपप्रमुख खड्ग बहादुर गोपालीले आर्थिक वर्ष २०७८/७९ को लागि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट प्रस्तुत गरेका हुन् । यसैगरि जिल्लाको बकैया गाउँपालिकाले आगामी आर्थिक वर्षको लागि ६२ करोड ८३ लाख ७८ हजार ७ सय १८ रूपँया ९६ पैसाको बजेट ल्याएको छ । बिहिबार गाउँपालिकाको सातौ गाउँसभाको बैठकमा गाउँपालिकाकी उपाध्यक्ष सरला बोलखेले नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै आउँदो आर्थिक वर्ष २०७८र७९ को लागि ६२ करोड ८३ लाख ७८ हजार ७ सय १८ रूपँया ९६ पैसा को बजेट विनियोजन गरिएको जानकारी दिईन् ।

यसैगरि जिल्लाको मकवानपुर गढी गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ को लागि ६२ करोड ९२ लाख १७ हजार ५ सय रूपँया बजेट ल्याएको छ । यसैगरि राक्सिराङ गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ को लागि कुल ५४ करोड ७३ लाख २० हजार रूपँयाको बजेट प्रस्तुत छ । यसैगरि जिल्लाको कैलाश गाउँपालिकाले ४५ करोड ९६ लाख ८ सय ४३ रूपँयाको बजेट सार्वजनिक गरेको छ । यसैगरि मनहरी गाउँपालिकाले ८३ करोड ६७ लाख ४६ हजारको बजेट सार्वजनिक गरेको छ ।

यसैगरि जिल्लाको पूर्वी क्षेत्र स्थित बागमती गाउँपालिकाले ५३ करोड ६६ लाख ९८ हजार रूपैयाँको बजेट ल्याएको छ । यसैगरि जिल्लाको भीमफेदी गाउँपालिकाले ६५ करोड ४१ लाख ९९ हजारको बजेट सार्वजनिक गरेको छ । स्थानीय तहहरूले सार्वजनिक गरेको नीति,कार्यक्रम तथा बजेटमा सडक पूर्वाधार विस्तार र स्तरोन्नती,शिक्षा, कृषि र पशु क्षेत्रको उत्पादन बृद्धि, बालमैत्री, अपाङ्गता मैत्री, वातावरण मैत्री,वातावरण तथा विपद व्यवस्थापनको माध्यमबाट दिगो विकास गर्ने,कृषि क्षेत्रलाई प्रोत्साहन,सरसफाई,खानेपानी,सांस्कृति प्रवर्द्धन,स्वास्थ्य सेवाको विकास,भवन तथा सहरी विकास गर्ने विस्तार केन्द्रित रहेको छ । स्थानीय तहहरूले सङ्घीय र प्रदेश सरकारले समानीकरण अनुदान, समपुरक, राजस्व बाँडफाँटबाट प्राप्त अनुदान, विशेष र ससर्त अनुदानबाट नीति, कार्यक्रम तथा बजेट ल्याउने गर्छन् ।

# बस्तीपुर जेसीजको जेसीज सप्ताह सुरु



◆ विकास संवाददाता

बस्तीपुर जेसीज हाँडीखोलाले आफ्नो बार्षिक कार्यक्रम अन्तर्गत सप्ताहव्यापी कार्यक्रम वृक्षरोपण गरेर सुरूवात गरेको छ । जेसीसले बुधबार बिहान हेटौंडा-१९ स्थित चिल्ड्रेन पार्क, बासुदेवमा विभिन्न प्रजातिका विरूवा रोपेर सप्ताहव्यापी कार्यक्रम सुरू गरेको हो । कार्यक्रमका संयोजक सुरज वर्तौलाले मसला, अशोक, धुपी, गोल्डेन, तेजपत्तालगायत विभिन्न प्रजातिका एक सय वटा विरूवा रोपिएको जानकारी दिए । बस्तीपुर जेसीज हाँडीखोलाका अध्यक्ष राजेश भेटवालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल जेसीजका उपाध्यक्ष अरूण दाहालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा मुल कार्यक्रम संयोजक तेजप्रसाद उप्रेती रमेश, सहमुल कार्यक्रम संयोजक शंकर नेपाल, महासचिव प्रेम गोङ्बा, कार्यक्रम संयोजक सुरज वर्तौलालगायतको उपस्थिति रहेको थियो । यस्तै जेसीज सप्ताहअन्तर्गत आज नै रजैया पुल र लेवट घुम्तीमा कोभिड सचेतना बोर्ड स्थापना गर्ने कार्यक्रम रहेको जेसीजका अध्यक्ष भेटवालले जानकार दिए ।

असार ११ गते सम्म चल्ने सप्ताहव्यापी कार्यक्रम अन्तर्गत भोलि बिहीबार रक्तदान कार्यक्रम, आमाघर मनहरी र आइसोलेसनमा खाद्यान्न वितरण गरिने जेसीज अध्यक्ष राजेश भेटवालले बताए । यस्तै ११ गते गणेश प्रावि कुवापानीमा स्टेशनरी सामाग्री वितरण कार्यक्रमका साथै सोही दिन पुरस्कार वितरण तथा समापन समारोह आयोजना हुने भेटवालले जानकारी दिए ।






# सामुदायिक वनलाई स्वास्थ्य सामाग्री



◆ विकास संवाददाता

हेटौडा-६ चुच्चेखोलामा रहेको चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहलाई जुलोजिकल सोसाईटी अफ लण्डन (जेडएसएल) ले स्वास्थ्य सामाग्री सहयोग गरेको छ । स्थानीय स्तरबाट नै कोरोना भाईरसलाई नियन्त्रण गर्न जेडएसएलले सोमवार सालक पार्कमा स्वास्थ्य सामाग्री सहयोग गरेको हो ।

जेडएसएलले समूहलाई पीपीई १० सेट, थर्मोमिटर ५ थान, अक्सिमिटर ५ थान, फेस शिल्ड २० थान, सेनिटाईजर १० लिटर र मास्क २ हजार पिस उपलब्ध गराएको समूहका क्षेत्रीय सदस्य शिव प्रसाद गौतमले बताए । हेटौडा-१७ का वडा अध्यक्ष भैरब बहादुर राईको प्रमुख आतिथ्यता एवम समूहका अध्यक्ष अर्जुन प्रसाद दाहालको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा हेटौडा-१७ का वडा सदस्य टिका प्रसाद तिमल्सिना, जेडएसएलका प्रचण्ड महर्जन, विनोद लामिछाने, अशोक सामुदायिक वनका अध्यक्ष बलराम अधिकारी, रानी सामुदायिक वनका उपाध्यक्ष केशव धिताल, प्रगतिशिल युवा क्लवका अध्यक्ष प्रविण गौतम लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यालयले लकडाउनको समयमा समस्यामा परेका २० घरधुरीका उपभोक्ताको लागि ४५ हजार रूपैयाँ आर्थिक सहयोग समेत गरेको कार्यालय सचिव केदार प्रसाद गौतमले बताए ।

# ४० जनाले गरे रक्तदान

◆ विकास संवाददाता

रेडक्रस हेटौंडा उपशाखाले जिल्ला युवा समिती मकवानपुर र लियो क्लब अफ मकवानपुर हेटौंडा मेट्रोसिटीसङ्को समन्वयमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा, हेटौंडा-४ का सभापति तथा जिल्ला युवा समिती मकवानपुरका अध्यक्ष शिवहरि दाहालको अध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य जुनेली माया श्रेष्ठको प्रमुख आतिथ्यमा भएको रक्तदान कार्यक्रममा बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरका सभापति सूर्यचन्द्र न्यौपानेको विशेष आतिथ्य रहेको थियो ।

कार्यक्रममा रेडक्रस मकवानपुरका कार्यालय प्रमुख लक्ष्मण भट्टराई, हेटौंडा उपमहानगरपालिका खेलकुद बिकास समितिका अध्यक्ष चन्द्र शाही, लियो क्लबका कपिल गौतम लगायतकाले मन्तव्य ब्यक्त गरेका थिए ।




# तलब सुविधा बढाउँन माग



◆ विकास संवाददाता

नेपाल विद्यालय कर्मचारी युनियन, थाहा नगर कमिटीले थाहा नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत विद्यालय कर्मचारीहरूको मासिक तलब नेपाल सरकारको दर्जा तथा तह अनुसार नभएको भन्दै गुनासो गरेको छ ।

सबै कर्मचारीहरूको एउटै मासिक तलब (रू. १५,०००) कायम गरिएको प्रति पनि युनियनले ध्यानाकर्षण भएको जनाएको छ । युनियनका थाहा नगर अध्यक्ष मधुसूदन रायमाझीको नेतृत्वमा थाहा नगर कार्यालय पुगेको टोलीले नगरप्रमुख लवशेर विष्टलाई भेटेर ध्यानाकर्षण पत्र बुझाएको छ ।

ध्यानाकर्षण पत्रमा कक्षा १० तथा कक्षा १२ सञ्चालन भएका विद्यालयहरूमा कार्यरत लेखापालहरूको छुट्टाछुट्टै दरवन्दी कायम गरी सोहीअनुसार तलबको व्यवस्थापन गर्न माग गरिएको छ । त्यसैगरी कक्षा १० तथा कक्षा १२ सञ्चालन भएका विद्यालयहरूमा कम्तिमा दुई जना कार्यालय सहयोगीको व्यवस्थापन गर्न र कार्यरत कार्यालय सहयोगीहरूलाई रू. १५ हजारबाट नघटाई तलब व्यवस्थापन गर्न पनि माग गरिएको छ । हालसम्म पनि विद्यालय कर्मचारीहरूले सरकारद्वारा घोषित महङ्गी भत्ता नपाइरहेको भन्दै युनियनले आगामी आर्थिक वर्ष २०७८/८९ मा सो विषयलाई सम्बोधन गर्न माग गरेको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै नगर प्रमुख विष्टले यस वर्षको लागि छलफल गर्न ढिला भएको भन्दै यथासम्भव समेटेर लैजाने आश्वासन दिएको अध्यक्ष रायमाझीले बताए ।

# अध्यक्ष ढकालद्वारा १३ औं दिनको पुण्य तिथिमा छात्रवृत्ति घोषणा



◆ विकास संवाददाता

नेकपा एमाले थाहा नगर कमिटीका अध्यक्ष अच्युत्तमप्रसाद ढकालले चालु शैक्षिक सत्रका लागि दुई जनालाई छात्रवृत्तिको घोषणा गरेका छन् ।

आफ्नो स्वर्गीय माताको १३ औं दिनको पुण्य तिथिमा एमाले थाहाका अध्यक्ष ढकालले छात्रवृत्तिको घोषणा गरेका हुन् । स्वर्गीय माता भक्तकुमारी ढकालको १३औं दिनको पुण्य तिथिमा स्वर्गीय पिता रोजनाथ ढकालको समेत स्मृतिमा थाहा नगरका दुई शैक्षिक संस्थामा अध्ययनरत दुई विद्यार्थीहरूलाई छात्रवृत्ति घोषणा गरिएको अध्यक्ष ढकालले बताए ।

चालु शैक्षिक सत्रका लागि पालुङ बहुमुखी क्याम्पसमा अध्ययनरत गरीव, जेहेन्दार, दलित, जनजाति, अपाङ्गता भएका आदिमध्ये क्याम्पसले सिफारिस गरेको एक जना विद्यार्थी र थाहा नगरपालिकामा प्राविधिक शिक्षा लिइरहेका कक्षा १० भन्दा माथिका एक जना छात्रालाई पूर्ण छात्रवृत्ति उपलब्ध गराइने उनले जानकारी दिए ।

स्वर्गीय माताको १३ औं दिनमा घोषणा गरिएकोले लैङ्गिकताको आधारमा प्राविधिक शिक्षातर्फ छात्रालाई प्राथमिकता दिएर प्राविधिक शिक्षा छात्रवृत्ति घोषणा गरिएको ढकालको भनाइ छ ।

एमाले अध्यक्ष ढकालको ममतामयी माता भक्तकुमारी ढकालको १ असारमा असामयिक निधन भएको थियो ।

# ईन्द्रसरोवरलाई स्वास्थ्य सामाग्री




◆ विकास संवाददाता

उत्तरी मकवानपुरको इन्द्ररोवर गाउँपालिकालाई विराट नेपाल मेडिकल ट्रष्टले स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको छ । स्वास्थ्य कार्यालय मकवानपुरका वरिष्ठ जनस्वास्थ्य प्रशासक सहितको टोलीले गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख मन्नुनाथ अधिकारी समक्ष सामाग्री हस्तान्तरण गरेका हुन् ।

स्वास्थ्य कार्यालय मकवानपुरको सहयोगमा ट्रष्टले पिपिइ (गाउन) ५ सेट, पल्स अक्सिमिटर १ वटा, एन ९५ मास्क १० पिस, फेसशिल्ड १० सेट, सर्जिकल मास्क १७ प्याकेट, ग्लोभ्स ९ प्याकेट, ह्यान्ड स्यानिटाइजर १२ बोटल, साबुन ५ पिस र ब्रस र मञ्जन ५/५ वटा हस्तान्तरण गरेको हो ।

# पालुङ खोलामा डाईभर्सन

◆ विकास संवाददाता

*थाहा नगरपालिकाको इन्द्रायणी मोटर बाटोको इन्द्रायणी चौर -पालुङ खोलामा ह्युम पाइपसहितको सडकको बैकल्पिक व्यवस्था गरिएको छ । अहिले डाइभर्सन तयार भएपछि मुख्य सडक तथा बजार आउजाउमा सहज भएको छ । सो खोलामा पक्की पुल निर्माण भइरहेका छ । पुल निर्माणको क्रममा साविकको ह्युमपाइप निकालिएकोमा अहिले वर्षाका कारण सवारी आवागमनमा समस्या भएको थियो । पुनः ह्युमपाइप राखेर बैकल्पिक सडकको व्यवस्था गरिएपछि सवारी आवागमन सहज भएको सपना निर्माण सेवाका प्रतिनिधि सुजन कार्कीले बताए ।*

*बागमती प्रदेशअन्तर्गतको पूर्वाधार विकास मन्त्रालयबाट ५ करोड ७४ लाखमा ठेक्का पाएको सो निर्माण सेवाले आउँदो २०७९ असार सम्म पक्की पुल निर्माण सम्पन्न गर्ने लक्ष राखेको छ ।*

# विउपूँजी वितरण

◆ विकास संवाददाता

थाहा नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरूलाई आयआर्जनको लागि बीउपूँजी वितरण गरिएको छ । थाहा नगरपालिकाको सहयोगमा अपाङ्ग सरोकार केन्द्रले नगरपालिकाका अपाङ्गता भएका ७ जना व्यक्तिहरूलाई बीउपूँजी प्रदान गरेको हो ।

थाहा नगरका उपप्रमुख खड्गबहादुर गोपालीले शिखरकोटको विकास घरमा आयोजित एक कार्यक्रमका बीच नगद हस्तान्तरण गरेका हुन् । सीप र प्रविधिको उपयोग गरी वस्तु तथा सेवा उत्पादन गर्न र आम्दानी गर्न जनही रू. १० हजारका दरले बीउपूँजी उपलब्ध गराइएको अपाङ्ग सरोकार केन्द्र मकवानपुरका अध्यक्ष ठाकुरराम थापाले जानकारी थिए ।

बीउपूँजी प्राप्त गर्नेहरूमा युद्धबहादुर थोकर, बिष्णुहरि केसी, रूपचन परियार, अमिर भोम्जन, अर्जुन स्याङ्तान, ठूलीमाया रूम्बा र शालिकराम अधिकारी रहेका छन् ।

# स्वास्थ्य सामग्री

◆ विकास संवाददाता

प्लान इन्टरनेशनलको आर्थिक सहयोग र राडो नेपालको समन्वयमा थाहा नगरपालिकालाई कोभिड-१९ प्रतिकार्यका लागि विविध स्वास्थ्य सामग्री सहयोग उपलब्ध गराइएको छ ।

१२ असारमा राडो नेपालले थाहा नगरपालिकालाई फेससिल ७० थान, थर्मल गन ८ थान, अक्सिजन रेगुलेटर २ थान, एन ९५ मास्क ३० वटा, पिपिइ गाउन ६० थान, अक्सिमिटर १५ थान, नेबुलाइजर २ थान र सर्जिकल मास्क चार हजार थान उपलब्ध गराएको हो । त्यसैगरी ग्लोब्स पाँच हजार जोडी, अटोक्लिप १ थान, सोडियम हाइड्रोक्लोराइड १० लि. र सेनिटाइजर २५ बोत्तल सहयोग प्राप्त भएको नगर प्रमुख लवशेर विष्टले बताए । विपदको बेला सहयोग गरेकोमा थाहा नगर पालिकाले प्लान/राडोलाई धन्यवाद दिएको छ ।

# सम्बाददाता दावा शेर्पा सम्मानित



◆ विकास संवाददाता

मकवानपुरकै लोकप्रिय अनलाइन थाहा टाइम्स डट कमका दामन सम्वाददाता दावा शेर्पा सम्मानित भएका छन् । थाहा नगरपालिकाको नवौँ नगर सभाको अवसरमा उत्कृष्ट युवा सम्मानबाट दावालाई सम्मान गरिएको हो ।

पर्यटन प्रवर्धनको क्षेत्रमा उल्लेख्य योगदान गरेको भन्दै नगर पालिकाले दावा शेर्पालाई नगदसहित सम्मानपत्रबाट सम्मान गरेको हो । नगर प्रमुख लवशेर विष्टले सभासामु उनलाई सम्मान गरेका थिए ।
नगरका सबै वडाका सर्वोत्कृष्ट युवाहरूलाई नगरले उत्कृष्ट युवा सम्मानबाट सम्मानित गरेको थाहा नगरपालिकाले जनाएको छ । थाहा टाइम्सले आफ्नो सम्वाददाता सम्मानित भएकोमा खुशी व्यक्त गरेको छ । थाहा टाइम्स मकवानपुरको उत्कृष्ट पाँचमध्येको अनलाइन हो भने थाहा नगर पालिकाको सबैभन्दा माथिल्लो र्‍याङ्कमा रहेको अनलाइन पत्रिका हो ।

# थाहा नगरस्तरीय अपाङ्गता अभिमुखीकरण



◆ विकास संवाददाता

थाहा नगरमा नगरस्तरीय अपाङ्गता अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । थाहा नगरपालिकाको सहयोगमा अपाङ्ग सरोकार केन्द्र मकवानपुरले १२ असारमा अभिमुखीकरणको आयोजना गरेको हो ।

थाहा नगरपालिकाका उपप्रमुख खड्गबहादुर गोपालीको प्रमुख आतिथ्यता र थाहा-३ का वडा अध्यक्ष राजेश केसीको विशेष आतिथ्यतामा अभिमुखीकरण भएको हो । कार्यक्रम दीप न्यौपानेले सहजीकरण गरेको थिए । सो अवसरमा नगर उपप्रमुख गोपालीले अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न नगरपालिका पछि नपर्ने बताए ।

थाहाको शिखरकोटमा भएको कार्यक्रममा थाहा नगरका जनप्रतिनिधिहरू, अपाङ्गता भएका व्यक्तिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो । सो अवसरमा च्वाइस नेपालका ग्रामीण विकास अधिकृत कुलप्रसाद तिवारी, वडा नम्बर ११ कि वडा सदस्य सुनिता दोङ लगायतले मन्तव्य राखेका थिए ।

# विद्यालयलाई स्वास्थ्य सामाग्री



◆ विकास संवाददाता

उत्तरी मकवानपुरको इन्द्ररोवर गाउँपालिकाले गाउँपालिका भित्र रहेका २२ वटै विद्यालयलाई आपतकालिन स्वास्थ्य सामाग्री वितरण गरेको छ ।

गाउँपालिकाको शिक्षा शाखाले कोरोना भाइरस (कोभिड १९) को यस विषम परिस्थितीमा विद्यालयहरूमा भर्ना अभियान सञ्चालन भैरहेकोले शिक्षक तथा विद्यार्थीहरूको सुरक्षाको निम्ति उक्त सामाग्री वितरण गरेको हो ।

शिक्षा शाखाले सबै विद्यालयहरूमा गरी कुल ३७ जार स्यानीटाइजर, ५ सय एमएलको स्प्रेयर सहितको स्यानीटाइजर १ सय ३० बोटल, सर्जिकल मास्क १ सय १० बाकस, ५ एमएलको स्यानीटाइजर स्प्रेयर १ सय ३० बोटल, फेसशिल्ड ३ सय ५० पिस, केएन ९५ मास्क ३ सय पिस, डिटोल साबुन ३० दर्जन, एन्टिसेप्टिक लिकुइड ह्यान्डवास क्लिन फिक्स ५४ जार र सोप डिस्पेनर मेसिन ३० पिस वितरण गरिएको शिक्षा शाखाका प्रमुख धर्मानन्द पन्तले जानकारी दिए ।

गाउँपालिकाले माद्यामिक र प्राथमिक विद्यालयहरूलाई फरक-फरक परिमाणमा स्वास्थ्य सामाग्री वितरण गरेको हो । वितरण गरेको सामाग्री यहि असाढ ७ गते सम्ममा सबै विद्यालयमा पुऱ्याइसकेको शिक्षा प्रमुख पन्तले जनाएको छ ।

# मदन-आश्रितको शालिक अनावरण



◆ विकास संवाददाता

स्वर्गीय जननेता मदन भण्डारीको ७० औँ जन्मजयन्तीको अवसरमा हेटौँडामा मदन भण्डारी तथा जिबराज आश्रीतको शालिक अनावरण गरिएको छ । मकवानपुरको हेटौंडा-९ स्थित दिव्य बालउद्यानमा बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले जननेता मदन भण्डारी तथा आश्रितको अर्धकदको शालिक अनावरण गरी माल्यार्पण गरेका हुन् । नेकपा एमालेका महासचिव जननेता मदन कुमार भण्डारीको ७० औं जन्मजयन्तीको सम्झनामा सोमबार पार्क व्यवस्थापन समितिले एक कार्यक्रमको आयोजना गर्दै प्रमुख अतिथि मुख्यमन्त्री डोरमणि पौडेलद्वारा शालिकको अनावरण गरेका हुन् । अनावरणपछि मुख्यमन्त्री डोरमणि पौडेलले पार्कमा वृक्षरोपण समेत गरेका थिए ।

पार्कमा ६ लाख ५१ हजार रूपैयाँ लागतमा निर्माण गरिएको पानीको फोहरा (वाटर फाउन्टेन) निर्माण गर्न आर्थिक सहयोग प्रदान गर्नुभएका गोर्खा लाहारीका प्रवन्ध निर्देशक बजरंग सिंहले सो फाउन्टेन पार्क व्यवस्थापन समितिलाई हस्तान्तरण गरेका थिए। पार्क व्यवस्थापन समितिका अध्यक्ष तथा हेटौंडा-९ का वडा अध्यक्ष लक्ष्मण प्रसाद भण्डारीको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख र घुनाथ खुलाल लगायत वडाका समाजसेवी तथा राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# प्रहरीलाई २८ सवारी हस्तान्तरण



◆ विकास संवाददाता

बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले बागमती प्रदेशका १० जिल्लाका प्रहरी कार्यालय,इलाका प्रहरी कार्यालय र प्रहरी चौकीलाई १२ थान भ्यान र १६ थान मोटरसाइकल प्रदान गरेको छ ।

११ असरमा दिउँसो बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा आयोजित एक कार्यक्रमका बीच आन्तरिक मामिला तथा कानुन मन्त्री केशवराज पाण्डेले बागमती प्रदेश प्रहरी कार्यालयमा प्रमुख प्रहरी नायव महानिरीक्षक बसन्त कुमार लामालाई र मातहतका जिल्ला तथा प्रहरी कार्यालय प्रमुखलाई प्रदान गरिएको भ्यान र मोटर साइकलको चाबी हस्तान्तरण गरेका थिए। सवारी हस्तान्तरण कार्यक्रममा मन्त्रालयका मदन भुजेल,बागमती प्रदेश प्रहरी कार्यालयका एसएसपी मिरा चौधरी, विभिन्न जिल्ला तथा प्रहरी कार्यालयका प्रहरी प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# मन्दिरलाई वासिङ मेसिन सहयोग




◆ विकास संवाददाता

हेटौंडा-६ का वडा अध्यक्ष र सदस्यबाट मन्दिरलाई वासिङ मेसिन सहयोग सहयोग गरेका छन् ।

वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाई र वडा सदस्य राजकुमार बास्तोलाले हेटौंडा-६ गौरीटारमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरलाई ५२ हजार रूपैया मूल्यको वासिङ मेसिन सहयोग गरेका हुन् । वडा अध्यक्ष चौलागाई र सदस्य बास्तोलाले सहयोग सामग्री मन्दिरको वाईजुराज समितिकी अध्यक्ष शुभद्रा खतिवडालाई हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बासुदेव खतिवडासहित अन्य प्रतिनिधिहरूको सहभागिता रहेको थियो । वडा अध्यक्ष चौलागाईले मन्दिर को स्वागत गेट निर्माणका लागि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । वासिङ मेसिन सहयोग प्राप्त भएपछि मन्दिरका पर्दा, तकियाका खोल, तन्दासहितका कपडा धुन सहज हुने जनाईएको छ ।

# बागमती प्रदेशमा कृषिमा 'आधुनिकीकरण

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका-६, धमिलेफाँटको कृषिफार्म जिल्लाकै एक उत्कृष्ट कृषि फार्मका चर्चा कमाउन सफल छ । सामरी खोला किनार नजिकैको तिमल्सिना कृषिफार्ममा करिब ५४ वर्षीय बद्रीप्रसाद तिमल्सिना कृषि फार्ममा तरकारी लगाउने, गोड्ने तथा टिप्ने काममा व्यस्त देखिन्छन् । आफ्नो घर नजिकै खेत भाडामा लिएर २० वर्षदेखि कृषिकर्ममा लागिरहेका तिमल्सिना पछिल्लो ४ बर्षदेखि भने आधुनिक प्रविधिप्रयोग गरी कृषिमाभिन्नै परिचय बनाउन सफल भएका छन् ।

'पहिले आफ्नै तरिकाबाट गरिएको तरकारी खेतीबाट खर्च धेरै हुने तर आम्दानीकमहुने गरेको थियो । अहिले कृषि प्राविधिकको साथ र सहयोग पाइएको छ । लगानी कम तर उत्पादन र फाइदा बढीहुने गरेको छ,' तिमल्सिनाको अनुभव छ । संघीयता लागु भएपछि गाउँका किसानका लागि उत्साहजनक उपलब्धि भएको तिमल्सिनाको ओठको मुस्कानले प्रष्ट पारेको छ । पालिकाका कृषि अधिकृत, स्थानीय सरकार तथाप्रदेश सरकारको सहयोगले आफू आधुनिक कृषितर्फ आकर्षित भएको उनले सुनाए । उनले धमिलेफाँटमा १० बिगाहा जग्गामा नगदेबाली लगाएका छन् । फार्ममा कतै काँक्रो लहलह भएर फलिरहेको छ त कतै गोलभेंडा । कतै करेला टिप्न ठिक्क छ । खुर्सानी, माछेखुर्सानी, भेंडे खुर्सानी, हरियो प्याज, हरियो फर्सी लगायत थरिथरिका तरकारी लहलह छन् ।

५ कठ्ठा जग्गामा बनाइएको भेन्टिलेसन सहितको टनेलमा फलेका गोलभेंडा उनले वर्षभरि बेचे । पोहोर वैशाखमा उनले लगाएका गोलभेंडा बजार लैजान ठिक्क भएको बेला लकडाउन आइलाग्यो र बिक्री गर्न समस्या पर्‍यो । तर, उनको त्यो समस्या समाधानका लागि प्रदेश सरकारले ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको ढुवानी ट्र्याक्टर उनका लागि सहारा बन्यो र बारीमै तरकारी कुहिन पाएन ।

सामान्य विधिबाट भन्दा आधुनिक प्रणालीबाट गरिने खेतीले किसानको लगाब बढाएको छ । तिमल्सिना खेतबारीको काम मेसिनबाटै गर्छन् । खन्नहाते ट्र्याक्टर प्रयोग छ, तरकारी गोड्ने, आलु खन्ने, धान काट्नेदेखि उत्पादित तरकारी बजार लैजाने माध्यम ट्र्याक्टर आफ्नै छ । समयअनुसार आधुनिक प्रणालीबाट कृषि व्यवसाय गर्न पाएपछि उनलाई कृषिमा थप केही गर्ने जाँगर पलाएको छ । तिमल्सिनाको मेहनतलाई स्थानीय सरकार र प्रदेश सरकारले साथ दिएपछि जोश थपिएको छ । प्रदेश सरकारले ५० प्रतिशत अनुदानमा ढुवानी ट्याक्टर उपलब्ध गरएको छ भने खन्न प्रयोग गरिने रोडाभेटर पनि ५० प्रतिशत अनुदानमा मकवानपुर गढी गाउँपालिकाले दिएको छ । त्यति मात्र होइन, ड्याङ पार्ने, आलु खन्नेल गायतका मेसिन पनि पालिकाले ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको छ । 'पालिका र प्रदेश सरकारको साथले आफू एक्लै कृषि पेशामा लागेको छु जस्तो महसूस भएको छैन । मेरो साथमा सबै जिम्मेवार निकाय छन् जस्तो लाग्छ,' उनको अनुभूति छ । गतवर्ष प्रदेशका उत्कृष्ट कृषकका रूपमा घरेलु तथा सानाउद्योग, मकवानपुरले गरेको सम्मानले पनि उनको हौसला थपेकै छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा २ करोड बजेट कृषिक्षेत्रमा छुट्याएको गाउँपालिका अध्यक्ष विदुर हुमागाईंले जानकारी दिए । कृषकलाई आधुनिक कृषिमा आकर्षित गराएर पेशामा टिकाउन काम गरिरहेको अध्यक्ष हुमागाईंले बताउँछन् । उनी भन्छन्, 'कृषकलाई आधुनिक कृषि पेशामा लाग्न प्रेरणा दिन संघीय सरकारबाट बजेट छुट्याएको हुन्छ । आधुनिक प्रणालीद्वारा कृषि उत्पादन गर्नेका लागि पालिकाले सक्दो साथदिने गरेको छ ।' गाउँपालिकाको कृषि शाखाका अधिकृत चन्द्रकान्त चौधरी पालिकाको सबै वडामा कृषिप्राविधिक रहेको र वडाका समस्याहरू वडाकै कृषि प्राविधिकले हल गर्ने गरेको बताउँछन् । 'पहिलाको जस्तो हैन, हाल पालिकाका धेरै किसानहरू आधुनिक कृषिपेशा तर्फ लागेका छन्', उनी भन्छन् । हुन पनि पहिला काँक्रोमा रूखका हाँगाको थाँक्रोप्रयोग गर्ने चलन थियो, अहिले जाली प्रयोग गर्ने गरेको देखिन्छ । पहिला गोलभेंडा खुला जग्गामा रोपिन्थ्यो भने हाल प्लाष्टिक टनेलमा थोपा सिंचाई मार्फत् आधुनिक खेती भएको पाइन्छ ।

मत्स्य विकासमा किसान दंग

हेटौंडा-१२, आल्दमारका कृष्णप्रसाद सुबेदीले पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयको सहयोगमा बायोलक माछापालन गरिरहेका छन् । अघिल्लो वर्ष निर्देशनालयमा संघीय सरकारले छुट्याएको बजेटबाट अनुदान पाएर उनले माछापालन गरेका हुन् । वर्षमा दुई लट उत्पादन हुने माछापालन गर्न निकै सजिलो भएको सुबेदीको अनुभव छ । उहाँले ८ वटा पोखरी बनाएका छन् । पोखरी बनाउँदा लागेको खर्चको आधार निर्देशनालयले अनुदान दिएको छ । अरू काम आफ्नै खर्चमा भइरहेको उनी बताउँछन् । पहिलो छिमलको माछा बिक्रीबाट सबै खर्च कटाउँदा एकलाख रूपैयाँ भन्दा धेरै फाइदा बसेको सुबेदी जानकारी दिन्छन् । सुबेदी त एक प्रतिनिधि पात्र मात्र हुन् । उनी जस्तै निर्देशनालयको सहयोग र अनुदानमा माछापालन गर्ने किसानहरू वागमती प्रदेशका १३ जिल्लामा गरी २ सयभन्दा धेरै रहेको निर्देशनालयले जानकारी दिएको छ ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी